**THE STATE EDUCATION DEPARTMENT** / THE UNIVERSITY OF THE STATE OF NEW YORK / ALBANY, NY 12234

Jhone M. Ebert, Senior Deputy Commissioner for Education Policy
Education Building, Room 2M EB (518) 474-3862
89 Washington Avenue
Albany, NY 12234
jhone.ebert@nysed.gov

फेब्रुअरी 27, 2017

प्रापक: डिस्ट्रिक सुपरिटेण्डेन्टहरू
सरकारी स्कूलहरूका सुपरिटेण्डेन्टहरू
सरकारी स्कूलहरूका प्रिन्सिपलहरू
गैर-सरकारी तथा चार्टर स्कूलहरूका प्रशासकहरू

प्रेषक: जोन एम. एबर्ट (Jhone M. Ebert),
वरिष्ठ उपायुक्त (Senior Deputy Commissioner)

विषय: हालैको समयमा आप्रवासन-सम्बन्धित कार्यवाहीहरूलाई ध्यानमा राख्दै उत्पीडन, डरत्रास तथा भेदभाव विरूद्ध संघर्ष गर्नका लागि उपलब्ध मार्गदर्शन तथा साधनश्रोतहरू

हालैको हप्ताहरूमा, देशभरिका स्कूलहरूमा भएका उत्पीडन, डरत्रास तथा भेदभाव सम्बन्धि घटनाहरूका खबरहरू समाचार मिडियामा देखिएका छन्। यसका अतिरिक्त, सङ्घीय अधिकारीद्वारा गरिएका आप्रवासन-सम्बन्धि कार्यवाहीहरूले देशभरि डर र अन्योलता उत्पन्न गराएको छ। दैनिक रूपमा पढ्न आउने विद्यार्थीहरूको स्कूल वातावरणलाई वाधित पार्ने कुनै पनि कार्यवाहीलाई न्यूयोर्क स्टेट एजुकेशन डिपार्टमेन्ट ("NYSED" वा "डिपार्टमेन्ट") ले निकै गम्भीरतापूर्वक लिन्छ। न्यूयोर्क राज्यमा, वकिलहरू, आमाबुबाहरू र स्कूल कर्मचारीहरूले उत्पीडन, डरत्रास तथा भेदभाव विरूद्ध संघर्ष गर्न मौजुदा मार्गदर्शन तथा साधनश्रोतहरूलाई फराकिलो र बलियो पार्नको साथसाथै, डिग्निटी फर अल स्टुडेन्ट्स ऐक्ट ("DASA" वा "डिग्निटी ऐक्ट") बमोजिम सकारात्मक स्कूल वातावरण बनाउन र कायम राख्न प्रयासहरू थप गर्न डिपार्टमेन्टसँग माग गरेका छन्।

विद्यार्थीहरूलाई स्कूल हातामा, स्कूल बसमा र/वा स्कूलको समारोहमा भेदभाव, उत्पीडन तथा डरत्रास रहित सुरक्षित तथा सहयोगी वातावरण प्रदान गर्न 2012 मा न्यूयोर्क स्टेटको डिग्निटी ऐक्ट कानूनको रूपमा लागू भएको थियो र 2013 मा साइबर बुलेइङ्ग (साइबर डरत्रास)[1] थप्न यसमा संशोधन गरिएको थियो। यो कानूनले स्कूलहरूलाई विद्यार्थी, आमाबुबाको भूमिकामा रहेका व्यक्ति र कर्मचारीहरूलाई DASA सम्बन्धि जानकारी प्रदान गर्न र सुरक्षित स्कूल वातावरण बनाउन आवश्यक नीति तथा प्रक्रियाहरू विकसित गर्न अनिवार्य बनाएको छ। विशेष गरेर, DASA ले स्कूल डिस्ट्रिकहरूलाई अन्य विद्यार्थीहरू वा कर्मचारीहरूद्वारा विद्यार्थीहरू माथि हुने उत्पीडन, डरत्रास तथा भेदभाव रोक्न आचार संहिताको विकास गर्नुको साथसाथै भेदभाव तथा उत्पीडनको घटनाहरूलाई सम्बोधन गर्ने र सो घटनाहरूलाई NYSED समक्ष रिपोर्टिङ्ग गर्ने प्रावधानहरूको विकास गर्न आवश्यक गरेको छ।

तल विस्तृतमा भनिए अनुसार, NYSED ले न्यूयोर्क राज्य महान्यायाधिवक्ताको कार्यालय ("OAG") सँग मिलेर उत्पीडन, डरत्रास तथा भेदभावको घटनाहरूलाई रिपोर्ट र सम्बोधन गर्न स्कूल कर्मचारी, विद्यार्थीहरू र आमाबुबाहरूलाई मद्दत गर्न

[1] आत्म-सम्मान ऐन (Dignity Act) सँग सम्बन्धि थप मार्गदर्शन वा साधनश्रोतहरू लागि यहाँ जानुहोस्, http://www.p12.nysed.gov/dignityact/ ।

मार्गदर्शन तथा साधनश्रोतहरू जारी गरेको छ। अगस्त 2016 मा NYSED र OAG ले जारी गरेको संयुक्त मार्गदर्शनले DASA घटनाहरू रिपोर्टिङ्ग गर्ने र अनुसन्धान गर्ने नमूना फारम समावेश गरेको छ।[2] DASA सम्बन्धि मार्गदर्शन तथा प्राविधिक सहयोग र सुरक्षित तथा सहयोगी स्कूलहरू डिपार्टमेन्टबाट उपलब्ध छन् भनेर स्कूलहरू र परिवारहरूलाई स्मरण गराउदै डिपार्टमेन्टले यो महत्वपूर्ण कार्यलाई बढाउन चाहन्छ।

DASA सम्बन्धि कुनै पनि प्रश्नहरू भएमा, उचित अनुसन्धान प्रोटोकल र प्रक्रियाहरू बारे र सुरक्षित तथा सहयोगी स्कूल वातावरण सृजना गर्न सर्वोतम अभ्यासहरूको सन्दर्भमा मार्गदर्शन तथा प्राविधिक सहयोगको लागि NYSED ले डिस्ट्रिक, आमाबुबा र अभिभावकहरूलाई NYSED मा सम्पर्क गर्न प्रोत्साहित गर्दछ। डिपार्टमेन्टलाई निम्न तरिकाले सम्पर्क गर्न सकिन्छ:

- अफिस अफ बाइलिङ्गुअल एजुकेशन एण्ड वर्ल्ड ल्याङ्वेजेज (OBEWL) लाई (718) 722-2445 मा वा obewl@nysed.gov द्वारा, *वा*
- अफिस अफ स्टुडेन्ट सपोर्ट सर्भिसेज (SSS) लाई (518) 486-6090 मा वा studentsupportservices@nysed.gov द्वारा।

यसका अतिरिक्त, DASA सम्बन्धि प्रश्नहरू भएका मानिसहरू, जसलाई भाषा सहयोग आवश्यक परेको छ, ले न्यूयोर्क युनिभर्सिटी ("NYU") मा अवस्थित ल्याङ्वेज रिजनल बाइलिङ्गुअल एजुकेशन रिसोर्स नेटवर्क (RBERN) को मुख्य हटलाइनमा निम्न माध्यमले सम्पर्क गर्न सक्नुहुन्छ:

- यहाँबाट सोधपुछ फारम भरेर
- फोन: (800) 469-8224
- फ्याक्स: (212) 995-4199
- इमेल: nysparenthotline@nyu.edu
- पत्राचार: NYS ELL Parent Hotline Team<br>c/o NYS Statewide Language RBERN at NYU MetroCenter<br>726 Broadway – 5th Floor<br>New York, NY 10003

शिक्षा कानून (Education Law) §310 बमोजिम डिस्ट्रिकको कार्यवाही विरूद्ध मानिसहरूले पुनरावेदन गर्न पनि सक्छन्। शिक्षा कानून §310 ले डिस्ट्रिक मिटिङ्गमा वा स्कूल अधिकारीहरूद्वारा गरिएको कार्यवाहीले आफूहरूलाई पिडित बनाएको लागेमा सो पक्षले शिक्षा आयुक्त (Commissioner of Education) समक्ष सो कार्यवाहीको समीक्षाको लागि पुनरावेदन गर्ने व्यवस्था गरेको छ। पुनरावेदनको लागि चाहिने जानकारीहरू अङ्ग्रेजी, स्पेनिश, अरेबिक, चाइनिज (सरलीकृत), बङ्गाली, तथा हैटीयन क्रिओल भाषामा यहाँ उपलब्ध छन्: www.counsel.nysed.gov।

कृपया ध्यान दिनुहोस् कि व्यक्तिगत पहिचान दिने खालको स्कूल तहको जानकारीहरूको संरक्षण गर्नमा डिपार्टमेन्ट प्रतिबद्ध छ र त्यस्ता सम्पूर्ण जानकारीहरूलाई सङ्घीय फेमिली एजुकेशन राइट्स एण्ड प्राइवसी ऐक्ट ("FERPA") सहित लागू हुने गोपनीयता सम्बन्धि कानून तथा नियमहरू अनुसार व्यवस्थापन गरिन्छ।

डिपार्टमेन्टले आमाबुबा, अभिभावक र अन्य इच्छुक व्यक्तिहरूको लागि DASA सम्बन्धि साधनश्रोतहरू, न्यूयोर्क राज्यभरि बढि मात्रामा बोलिने दश भाषाहरूमा अनुवाद गरी जारी गर्नेछ।

---

[2] यो मार्गदर्शन यहाँ पाउन पनि सकिन्छ http://www.p12.nysed.gov/dignityact/documents/SED-AGLttrandGuidance8-31-16.pdf।

यसका अतिरिक्त, NYSED ले स्कूल कर्मचारी, विद्यार्थी, आमाबुबाहरू र समूदायहरूलाई मद्दत गर्न सक्ने साधनश्रोत तथा उपायहरू पहिचान गरेको छ। कृपया, लागू हुने अवस्थामा यी साधनश्रोतहरू प्रयोग गर्नुहोस् र तपाईंको स्कूल समुदायको लक्ष्य तथा आवश्यकताहरूसँग यी उपायहरूलाई मिलाउदै सम्पूर्ण बालबालिकाहरूको सुरक्षा तथा स्वास्थ्य सुनिश्चित गर्ने हाम्रो प्रयासमा सहभागी हुनुहोस्।

- डिस्ट्रिक सुपरिटेण्डेन्टहरू लाई NYSED तथा NYS महान्यायाधिवक्ता (Attorney General) को पत्र तथा मार्गदर्शन: http://www.p12.nysed.gov/dignityact/documents/SED-AGLttrandGuidance8-31-16.pdf
- हाम्रो स्कूलहरूमा हुने डरत्रास, उत्पीडन, धम्की, तथा भेदभावलाई सम्बोधन: http://www.p12.nysed.gov/dignityact/documents/PreventBullyingInYourSchool_Nov2016.pdf
- स्कूल कर्मचारीहरूलाई तालिम दिन स्कूल डिस्ट्रिकहरूलाई सहयोगको लागि नमूना तालिम सामाग्रीहरू: https://ag.ny.gov/sites/default/files/dasa_training_materials_final_-_8.30.16.pdf
- सुरक्षित तथा सहयोगी स्कूलहरू सृजना गर्न थप मार्गदर्शन तथा उपायहरू सहित, "स्कूल प्रशासक तथा फ्याकल्टीहरूको लागि साधनश्रोत तथा आशाजनक अभ्यासहरू सम्बन्धि मार्गदर्शन" (Resource and Promising Practices Guide for School Administrators & Faculty") रहेको सम्पूर्ण विद्यार्थीहरूको लागि आत्म-सम्मान ऐन (Dignity for All Students Act): http://www.p12.nysed.gov/dignityact
- अध्यापन सहिष्णुता तथा अध्ययन वातावरणहरूलाई सुरक्षित र स्वस्थ राखीराख्न न्यूयोर्क राज्य स्कूल सुरक्षा केन्द्रको क्विक लिङ्क साधनश्रोतहरू (New York State Center for School Safety Quick Link Resources): http://www.nyscfss.org/#!quick-links/c13iz
- स्कूलको आकस्मिक प्रतिक्रिया योजना (School Emergency Response Planning) तथा स्कुलहरूका लागि मानसिक स्वास्थ्य स्रोतहरू (Mental Health Resources for Schools) बारे NYSED जानकारी: http://www.p12.nysed.gov/sss/ssae/schoolsafety/save/
- न्यूयोर्क राज्यको स्कूल स्वास्थ्य केन्द्र (New York State Center for School Health) को मानसिक स्वास्थ्य तथा काउन्सेलिङ्ग साधनश्रोतहरू बारे अद्यावधिक पृष्ठ: https://www.schoolhealthny.com/site/default.aspx?PageType=3&ModuleInstanceID=190&ViewID=7b97f7ed-8e5e-4120-848f-a8b4987d588f&RenderLoc=0&FlexDataID=108&PageID=126

फेरी एक पटक, न्यूयोर्क राज्यभरि हाम्रा विद्यार्थी, परिवार तथा समूदायहरूलाई हरेक दिन सहयोग गर्ने तपाईंको प्रयासको लागि तपाईंलाई धन्यवाद छ। हामी जब एकसाथ उभिन्छौं, तब हामीले हाम्रा विद्यार्थीहरू तथा स्कूल समूदायहरूले आफ्नो स्कूल वातावरणमा सुरक्षित र सहयोग पुगेको महसुस गरेको सुनिश्चित गर्न सक्छौं। सदा झै, कृपया यी महत्वपूर्ण विषयमा केही कुरा गर्नुपर्ने भएमा वा आफ्नो चाँसोहरू साझा गर्न मन लागेमा विद्यार्थी सहयोग सेवाको कार्यालय (Office of Student Support Services) लाई 518-486-6090 वा studentsupportservices@nysed.gov मा, वा दोभाषे शिक्षा तथा विश्व भाषा (Office of Bilingual Education and World Languages) लाई 718-722-2445, वा obewl@nysed.gov मा सम्पर्क गर्नुहोस्।